सुनिलस्मृती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल


## निःशुल्क जग्गा प्राप्ति सम्वन्धि सार्वजनिक सूचना।

(प्रथमपटक प्रकाशित मितिः२०८१/११/०९)

सुनिलस्मृति गाउँपालिका २ नं वडा क्षेत्रमा वृद्धाश्रम निर्माणको लागि जग्गा आवश्यक भएकोले तपशिलमा उल्लेखित शर्त वमोजिम निःशुल्क जग्गा उपलब्ध गराउन इच्छुक ब्यक्ति तथा सङ्घ संस्थाले सस्थाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र कार्यालय समयमा आफुले उपलब्ध गराउन चाहेको जग्गाको जग्गाधनी पूर्जा, क्षेत्रफल, अवस्थिति र प्रकृति लगायतको विवरणसहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु

१. निःशुल्क रुपमा उपलब्ध गराउने जग्गाको क्षेत्रफल कम्तीमा ३ रोपनी हुनुपर्नेछ।
२. एक वा एक भन्दा बढी जग्गादाताहरुले साधँ सिमाना मिलाएर जग्गा उपलब्ध गराउन सकिने छ।
३. कम्तिमा ६ मिटर वाटोले छोएको वा विस्तार गर्न सकिने जग्गा हुनुपर्नेछ।
४. खोला तथा जोखिमक्षेत्र नभएको,खानेपानी एवं विद्युत सेवा विस्तार भएको वा गर्न सकिने हुनुपर्नेछ।
५. जग्गा निम्न तपसिलको चारकिल्लाभित्र रहनुपर्नेछः-
   क)पूर्वमाः- लुङग्री खोला
   ख)पश्चिममाः-माडिखोला
   ग)उत्तरः- दोभान
   घ)दक्षिणः- शिव पंचायन मन्दिर
६. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः-
   (च) जग्गाधनी प्रमाणपत्रपूर्जाको प्रतिलिपि,
   (छ) नक्साको प्रतिलिपि,
   (ज) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
   (झ) मञ्जुरीनामा(आवश्यक हुनेमा मात्र),
   (ञ) लगायतका अन्य आवश्यक कागजातहरु,
७. जग्गा प्राप्तिको उपयुक्तताको सम्वन्धमा गाउँकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ।

..........................

(अशोक कुमार केशरी)

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत